# होडिङ्ग वोर्ड समेतका बिज्ञापन सामाग्रीहरुको ब्यबस्थापन तथा शुल्क असूली गर्ने बोलपत्र आब्हान सम्बन्धी बुटवल उप महानगरपालिका नगर कार्यपालिकाको सूचना !

सूचना प्रकाशित मिति : २०७७/०८/१० गते

बुटवल नगर क्षेत्र भित्रको राजमार्ग चौराहा देखि गोलपार्क र पुष्पलाल पार्क देखि फुलवारी गेट सम्मको राजमार्ग क्षेत्र वाहेकको अन्य सम्पूर्ण नगर क्षेत्रमा होडिङ्ग बोर्ड,डिजिटल वोर्ड, बिद्युतीय बोर्ड,ग्लोसाईन बोर्ड समेतका बिज्ञापन सामग्रीहरुको ब्यवस्थापन र कर संकलन गर्ने समेतका कार्य गर्न ठेक्का बन्दोबस्त गर्ने निर्णय भएको हुंदा देहायका शर्त, नियम तथा प्रावधान भित्र रही उक्त कार्य गर्न इच्छुक व्यक्ति, इजाजत प्राप्त फर्म तथा कम्पनी सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१) शिलबन्दी बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले ३० औ दिनसम्म कार्यालय समय भित्र वुटवल उप महा नगरपालिका नगर कार्यपालिकाको कार्यालयको राजश्व शाखावाट रु ३०००।- (तीन हजार मात्र ) बुझाई (पछि फिर्ता नहुने) खरिद गर्न सकिनेछ ।

२) यो सूचना प्रकाशित भएको मितिले ३१औ दिन, दिनको १२.०० बजेसम्म, वुटवल उप महानगरपालिका नगर कार्यपालिकाको कार्यालयवाट सिलवन्दी बोलपत्र फाराम दाखिला गर्न सकिनेछ । दर्ता हुन आएका शिलबन्दी दरभाउ पत्र सोही दिन, दिनको २.०० बजे खोलिने छ ।

३) बोलपत्र फाराम खरिद गर्ने अन्तिम दिन, दाखिला गर्ने र खोल्ने दिन बिदा परे त्यसपछि लगत्तै कार्यालय खुलेको दिन खरिद गर्ने र सोको भोली पल्ट दाखिला गर्ने तथा खोल्ने कार्य हुनेछ ।

४) शिलबन्दी बोलपत्र साथ आफुले कबोल गरेको कुल ठेक्का अंकको ५ प्रतिशत ले हुने रकम बु.न.पा.का.को नाममा रा.वा.बैंक खस्यौली शाखाको धरौटी खाता नं. ग ३१२०३०३००३००२ मा जम्मा गरेको संक्कलै भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी भएको कम्तीमा ९० दिन म्याद भएको विड वण्ड पेश गर्नु पर्नेछ ।

५) स्वीकृत शिलबन्दी बोलपत्र दाताले ठेक्का अंङ्क भुक्तानी गर्दा कुल ठेक्का अंकलाई ४ किस्तामा बिभाजन गरी पहिलो किस्ता संझौता गर्दा कै वखत, दोस्रो किस्ता २०७७ चैत्र मसान्त भित्र तेस्रो किस्ता २०७८ असार मसान्त भित्र, चौथो (अन्तिम) किस्ता २०७८ पौष मसान्त भित्र वुझाउनु पर्नेछ । साथै तोकिएको अवधीमा किस्ता नबुझाएको खण्डमा १०% विलम्व अवधीका दरले जरिवाना लाग्नेछ ।

६) कबोल गरेको कुल ठेक्का रकम संझौता गर्दाकै वखत एकमुष्ठ वुझाएमा १० प्रतिशत छुट दिईनेछ ।

७) बिज्ञापन सामाग्रीहरुको कर दर लगायतका अन्य शर्त र प्रावधानहरुको विस्तृत विवरण बोलपत्र फारममा दिईएको छ । थप जानकारीका लागि वुटवल उप नगरपालिकाको राजश्व शाखामा सम्पर्क राख्न सकिने छ ।

८) कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार वुटवल उप महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा सुरक्षित रहनेछ ।

९) नेपाल सरकारलाई बुझाउनु पर्ने प्रचलित ऐन नियमानुसारको कर रकम वोलपत्र दाता स्वयंले बुझाउनु पर्नेछ ।

१०) अन्य कुरा सार्वजनिक खरिद ऐन तथा नियमावली र प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

| सि.नं. | कामको बिवरण | न्यूनतम ठेक्का अंक (VAT समेत) | ठेक्का अवधी | कैफियत |
|---|---|---|---|---|
| आय ठेक्का नं.८/०७७-७८ | होडिङ्ग / डिजिटल वोर्ड / बिद्युतीय वोर्ड / ग्लोसाईन बोर्ड समेतका बिज्ञापन सामग्री ब्यवस्थापन र कर संकलन | ३५,००,०००।- (पैतिस लाख मात्र) | २०७७/०७८ र आ.व.२०७८/०७९ (२ आर्थिक वर्ष) | |

बुटवल उप महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय